# लेखापरीक्षण प्रतिवेदन

## तामाकोशी गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## तामाकोशी गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/495

श्रीमान् अध्यक्षज्यू,
तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दोलखा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/495

श्रीमान अध्यक्षज्यू,
तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

दोलखा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

**१. कैफियत सहितको रायः**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब २४ करोड ५० लाख ७८ हजारको लेखापरीक्षणबाट रु. ७२ लाख ७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. १६ लाख ४९ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ३ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ लाख ४ हजार र नियमित गर्नुपर्ने रु. ४७ लाख ४० हजार गरी जम्मा रु. ५५ लाख ५८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. १५ करोड २१ लाख ८८ हजार मध्ये रु. ३० लाख ९६ हजार सम्परीक्षण तथा यस बर्षको लेखापरीक्षणबाट रु. ५५ लाख ५८ हजार थप भई हालसम्म अद्यावधिक बेरुजु रु. १५ करोड ४६ लाख ५० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६५ | २१ | ७२,०६,९५३ | ० | ११ | १६,४८,८६९ | ० | ६५ | १० | ५५,५८,०८४ | ३,१३,८६८ | ४७,३९,८२१ | ५,०४,३९५ | ० | ० | ५२,४४,२१६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | १५,२१,८७,७१६ | | ३०,९६,०३६ | १४,९०,९१,६८० | ० | ५५,५८,०८४ | १५,४६,४९,७६४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४१.२ | सामाजिक सरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका बेहोराहरु | ४०,७६८ |
| २ | २०८१/८२ | २६ | सामाग्रीको दाखिला तथा वितरण नभएकोः | ४,०९,२२५ |
| ३ | २०८१/८२ | ५० | एज विल्ट ड्रईङः | १०,००० |
| ४ | २०८१/८२ | ५१ | अस्पताल भवनः | ११,८८,८७६ |
| ५ | २०८०/८१ | ४२.४ | भिरकोट झुले छौँडे देउराली सडक | २३,६०,१७६ |
| ६ | २०८०/८१ | ७१.४ र ७१.५ | प्रदेश ससर्त कार्यक्रम तर्फ | ५,०६,७०२ |
| ७ | २०८०/८१ | ४३.३ | १० शय्या आधारभूत अस्पताल निर्माण | १,७१,४०८ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | १०० | व्याक हो लोडर सञ्चालन | ५७,७५० |
| जम्मा | | | | ४७,४४,९०५ |

# तामाकोशी गाउँपालिका, दोलखा

# ( ८०३२३५०३३०० )

# तामाकोशी गाउँपालिका , दोलखा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्घतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकि, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १५३.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा १५,१६३ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ को अनुसार) रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।३० देखि २०८२।०६।०५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१,२४,५०,७७,५७४।८१ को लेखापरीक्षण सम्पन्न

गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,९५,२०९।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बैठक भत्ता असुल | ११४७५ |
| २ | बैठक भत्ता | ३६९७५ |
| ३ | कर वापतको रकम असुल | १४६१० |
| ४ | निशुल्क पाठ्यपुस्तक वापत बढी निकासा असुल | १०२६४१ |
| ५ | दिवाखाजा वापत बढी निकासा असुल | ९९३०० |
| ६ | बढी तलब निकासा असुल | २२५१०८ |
| ७ | भ्रमण खर्च असुल | ५१०० |
| जम्मा | | ४,९५,२०९ |

२ **एकीकृत आय व्यय**

पालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।८२ को एकीकृत आयव्यय देहायअनुसार रहेको छ ।

| क्र.सं | आय | | क्र.सं. | व्यय | |
|---|---|---|---|---|---|
| | शिर्षक | रकम | | शिर्षक | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **४०८३३३५९.६५** | १ | **चालु** | **३२९५११५९७४.१८** |
| | संचित कोष | १५५१८७९१.९ | २ | **पुँजीगत** | **१४७११५८०७.७१** |
| | धरौटी खाता | १००५१५३६.१२ | ३ | **धरौटी फिर्ता** | **५६५५३२६** |
| | प्रकोप व्यवस्थापन | ४७६४४१३ | ४ | **अन्तर सरकारी अख्तियारी** | **११३२८६६७३** |
| | विभाज्य कोष | २३९३७१०.५५ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११४०००० |
| | विविध खर्च खाता | २३७०४०. | | सामाजिक सुरक्षा संरक्षण | १११८३६६७३ |
| | विविध कोष खाता (मर्मत संहार , कर्मचारी कल्याण कोष) | ७७३९८३५.९८ | | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ० |
| | आकस्मिक कोष | १२८०६२.१ | | पर्यटन पूरवाधार विकास कार्यक्रम | ० |
| २ | **आन्तरिक राजस्व आम्दानी** | **१२०४५९६९४.१६** | | विपन्न विद्यार्थि छात्रवृती | ३१०००० |
| | आन्तरिक राजस्व | ७०७२८५३.२३ | ५ | **कोष खर्च** | **२५८९९७८१.९५** |
| | राजस्व बाँडफाँट प्रदेश सरकार | १४३६४६१५.४४ | | विविध कोष खाता (मर्मत संहार , कर्मचारी कल्याण कोष) | १००००० |
| | राजस्व बाँडफाँट संघीय सरकार | ८९१०९०१८.५४ | | आकस्मिक कोष | ० |
| | राजस्व बाँडफाँट स्थानीय सरकार | ९९१३२०६.९५ | | विविध खर्च खाता | १४७६७७५ |
| ३ | **संघीय सरकारबाट प्राप्त अनुदान** | **३२०९५४९७९.०९** | | प्रकोप व्यवस्थापन कोष | ५२७२९६७ |
| | वित्तीय समानीकरण अनुदान | १०५४३२२४० | | विभाज्य कोष | १९०५००३९.९५ |
| | ससर्त अनुदान पुंजीगत | ५१३०६३२.९७ | ६ | **मौज्दात** | **४२९६३८०९.३४** |
| | ससर्त अनुदान चालु | २०१३१८१५९.१२ | | संचित बैंक मौज्दात | १६५९१११७.३१ |
| | समपुरक अनुदान | ९०७३९४७ | | धरौटी मौज्दात | ११०३५०५०.१२ |
| | विशेष अनुदान | ० | | विविध कोष खाता | ९९२९९११.९८ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **३६३४६६४६** | | विविध खर्च खाता | २३४९२२१.८३ |
| | वित्तीय समानीकरण अनुदान | ११८१३००० | | प्रकोप व्यवस्थापन कोष | २९३०४४६ |
| | ससर्त अनुदान चालु | ९८२९७७७ | | विभाज्य कोष | ० |
| | ससर्त अनुदान पूजिँगत | ५६९७५८५ | | आकस्मिक कोष | १२८०६२.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | समपुरक अनुदान | ९००६२८४ | | | |
| | विशेष अनुदान | ० | | | |
| ५ | **अन्तरसरकारी अख्तियारी** | **११३२८६६७३** | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११४०००० | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १११८३६६७३ | | | |
| | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ० | | | |
| | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ० | | | |
| | विपन्न विद्यार्थि छात्रवृती | ३१०००० | | | |
| ६ | **विभिन्न कोष तथा खर्च खाता तर्फको आय** | **२५९७४३६२.** | | | |
| | विविध कोष खाता | २२९००७६ | | | |
| | विविध खर्च खाता | ३५८८९५६.८३ | | | |
| | प्रकोप व्यवस्थापन कोष | ३४३९००० | | | |
| | विभाज्य कोष | १६६५६३२९.४ | | | |
| ७ | **यस वर्षको धरौटी आम्दानी** | **६५८१६५८** | | | |
| | **जम्मा** | **६६,४४,३७,३७१.९** | | **जम्मा** | **६६,४४,३७,३७१.९** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय विवरण**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको अनुसुचीमा संलग्न स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसुचीमा समावेश छः

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,१८,३६,६७३, स्वास्थ्य क्षेत्र पूर्वाधार कार्यक्रमको रु.११,४०,००० तथा विपन्न विधार्थी

छात्रवृत्तीको रु.३,१०,००० गरी कुल खर्च रु.११,३२,८६,६७३ सुत्रमा लेखाङ्कन छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

३.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको एकिकृत आर्थिक विवरण अनुसार रु.४,०७,८२,९५८।८२ मौज्दात रहेकोमा यो वर्ष रु.४,०७,८१,५०९।६५ जिम्मेवारी सारेको छ । जस अनुसार गत बर्षको आर्थिक विवरणमा उल्लेख भएको भन्दा रु.१,४४९।१७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.४ **बैङ्क हिसाब विवरण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण अनुसार स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| बैंककोनाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाकीरु |
|---|---|---|---|---|
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३०००१४२ | ग१.१, आन्तरिक राजस्व खाता | ० | ० |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३०००१२८ | ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३०००१११ | ग१.३, आन्तरिक अनुदान खाता | ० | ० |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३००००९६ | ग२.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३००००७८ | ग२.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३००००४१ | ग२.७, विविध खर्च खाता | २३,४९,२२१.८३ | २३,४९,२२१.८३ |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३००००२३ | ग३.१, स्थानीय तह धरौटी खाता | १,१०,३५,०५०.१२ | १,१०,३५,०५०.१२ |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३००००१४ | ग४.१, स्थानीय तह सञ्चित कोष खाता | १,६५,९१,११७.३१ | १,६५,९१,११७.३१ |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३०००१५९ | ग५.१, स्थानीय तह विविध कोष खाता | ९९,२९,९११.९८ | ९९,२९,९११.९८ |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३००००३२ | ग६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३०००१३५ | ग७.१, स्थानीय तह आकस्मिक कोष खाता | १,२८,०६२.१० | १,२८,०६२.१० |
| लक्ष्मी सनराईज बैंक लि. | १२७०३०००१६६ | ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २९,३०,४४६.०० | २९,३०,४४६.०० |
| जम्मा | | | ४,२९,६३,८०९.३४ | ४,२९,६३,८०९.३४ |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,
- यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको ,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नियमावली नवनाएको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको ,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• वागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ वमोजिम अनुसुची ५ को ढाँचामा कर्मचारीको कार्यविवरण तयार गरी लागु नगरेको,

• वडामा सिफारिस दस्तुर लिदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश नभएको,

• प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालुवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रतिघनफिट रु.७ का दरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङ्कन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन।

अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण बार्षिक रुपमा गराएको छ । कानुन बमोजीम त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७ सालमा पालीकाको प्रोफाईल बनाएकोमा अध्यावधीक गरेको छैन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख लाई अध्यावधीक गर्नुपर्दछ ।

७ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि समयभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्य बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका उपाध्यक्षले मिति २०८१।३।९ मा रु. ६५ करोड २७ लाख ३१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।२७ मा पारित भएको छ । यसैगरी गाउँपालिका अध्यक्षले मिति २०८१।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ४ वटा नियमावली, ७४ कार्यविधि र ३ निर्देशिका लगायत १०६ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । राजपत्रमा प्रकासित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ ।

११ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको १५ गरी कुल १७ विवाद दर्ता भएकोमा ७ वटा मात्र फर्स्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ **रकमान्तर :**

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तर गर्न सकिने छ । गाउँपालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ३७ योजनाको रु.६,५९,१९,००० घटाई १०३ योजनामा रु.६,५९,१९,००० बढाई रकमान्तर गरी हिउँदे सभाबाट स्वीकृत गराएको छ। यसरी कारण बेगर रकमान्तर गर्ने तथा आर्थिक वर्षको विचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरिक अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुशासन कायम गर्ने कार्यमा असर पर्दछ।रकमान्तर भएका योजनाहरुको केहि उदाहरण अनुसुचीमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा १२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### १३ सेवा प्रवाहः

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु गाउँपालिकाले पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क को लागी सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास | नभएको |
| **पञ्जिकरण तर्फ** | |
| जन्म दर्ता | ३७१ |
| मृत्यु दर्ता | १८६ |
| बसाईसराई दर्ता (आएको) | १२ |
| बसाईसराई दर्ता (गएको) | ६९ |
| विवाह दर्ता | १८९ |
| सम्बन्ध विच्छेद दर्ता | १९ |
| नागरिकता सिफारिस | ३८१ |
| अन्य सिफारिस | ७७६४ |

गाउँपालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनुपर्दछ ।

### १४ अनुदानको अनुगमन:

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष निम्नानुसार ६ फर्मलाई रु.१९,०३,२०२.०० अनुदान दिएकोमा वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धिको समेत मापन गरेको देखिएन । अनुदान मागदाबीको सुचना प्रवाह नभएको, छनौटको आधार तय नभएको र वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरी अनुदान उपलब्ध गराएको छ । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने

सुनिश्चित गर्नुपर्दछ । अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनौटको आधार तय गरी पारदर्शि रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ ।

| सि नं | कार्यक्रमको नाम | लाभग्राही सहकारी संस्था वा कृषक | भुक्तानी रकम |
|---|---|---|---|
| १ | माछा प्रवर्द्धन कार्यक्रम | अपर्ना कृषि तथा पशुपंक्षी फर्म | ३४५००० |
| २ | राँगा पालन | प्रगतिउन्मुख कृषि तथा पशुपन्छी फर्म | ४९०००० |
| ३ | अदुवा वेसार खेती प्रवर्द्धन | कालीकादेवी कृषि तथा पशुपन्छी फर्म | ४९०००० |
| ४ | अदुवा वेसार खेती प्रवर्द्धन | उत्कृष्ठ कृषि तथा पशुपन्छी फर्म | ३८२२०२ |
| ५ | भटमास प्रवर्द्धन | श्री सावित्रि कृषि तथा पशुपन्छी फर्म | ९८००० |
| ६ | भटमास प्रवर्द्धन | वि.एण्ड वि. कृषि तथा पशुपन्छी फर्म | ९८००० |
| | जम्मा | | **१९,०३,२०२** |

१५ **जिन्सी निरीक्षण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले जिन्सि निरिक्षण गरी प्रतिवेदन पेश नगरेकोले पालिकाको सम्पत्तिको अवस्था वारे एकीन गर्न सकिएन । तोकिए वमोजिम जिन्सी निरिक्षण गरी प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ ।

१६ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था रहेकोमा पालिकाले सरकारी सम्पत्तीको अभिलेख तयार नगरेको, सरकारी सम्पत्ती सम्बन्धमा यकिन नगरेको तथा पालिकाको आफ्नै जिन्सी समेत व्यवस्थित नगरेकोले सम्पत्तीको प्राप्ती, उपयोग र संरक्षणमा ध्यान दिनुपर्दछ ।

१७ **एम्बुलेन्स संचालनः**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय तहले आफूले उठाएको राजश्व तथा आयबाट प्राप्त रकम स्थानीय संचित कोषमा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले च्यामा स्वास्थ्य चौकि एम्बुलेन्स संचालन समितिलाई एम्बुलेन्स संचालन गर्न रु.२,८३,७३०।०० अनुदान दिएको छ । उक्त समितिको बैंक स्टेटमेन्ट अनुसार कुल आम्दानी रु.९,३४,७३०।०० तथा खर्च रु.८,९०,९२६।०० गरी बचत रु.४३,८०४।०० रहेको देखिएको छ । अनुदान रकम खर्चको आधारमा दिने वा मौज्दात भएको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता माग गर्नुपर्ने देखिन्छ । साथै खर्च मितव्ययीताको लागी अनुगमन तथा आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्दछ ।

१८ **विपद व्यवस्थापन सामाग्रीः**

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(१०) वमोजिम खर्च लेख्दा खर्चलाई पुष्टाइ गर्ने बिल भर्पाई सहित लेखा राख्नुपर्दछ। प्रकोप व्यवस्थापन कोषबाट आर्थिक वर्षको अन्त्यमा प्लाष्टिक र त्रिपाल खरिद गरेकोमा उक्त सामानहरु वितरण तथा मौज्दातको अवस्था निम्नानुसार छ । उपरोक्त सामानहरु पालिकामा हुन सक्ने प्राकृतिक प्रकोपको समयमा विपद

व्यवस्थापनको लागी खरिद गरिएको र प्रयोगमा नआई पालिकाको जिन्सी तथा वडा कार्यालयमा रहेको पालिकाले जनाएको छ। खरिद भएको सामग्री उद्देश्य बमोजिम प्रयोग गर्नुपर्दछ । साथै अवश्यकता निर्धारणगरी खरिद गर्नुपर्दछ ।

| सि नं | सामग्रीको नाम | परिमाण | दर | जम्मा रकम | वितरण परिमाण | पालिकामा मौज्दात | वडामा रहेको मौज्दात |
|---|---|---|---|---|---|---|---|
| १ | LD प्लाष्टिक रोल | ५०० के जि | ३९५.५० | १९७७५० | ११० के जी | १५० | २४० |
| २ | त्रिपाल १५*२४ | १२५ | २८५४.३८ | ३५६७९७.५० | ३५ | २० | ७० |
| ३ | त्रिपाल १५*१८ | १२५ | १८४९.८१ | २३१२२६.२५ | ३५ | २० | ७० |
| | जम्मा | | | ७८५७७३.७५ | | | |

१९ **पदाधिकारी इन्धन सुविधा :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन २०७७ समेत) अनुसार सेवा सुविधा प्रदान गर्दा तोकिएको अनुसुचीको आधारमा दिनुपर्ने व्यवस्था रहेको छ । पालिका अध्यक्ष तथा उपाध्यक्षले इन्धन सुविधा मासिक रुपमा ८० लिटरका दरले बार्षिक ९६० लिटर डिजेल/ पेट्रोल पाउनेमा ६०६३ लिटर बढी उपलब्ध गराएकोले औषत दर १५२ का दरले रु.५,२५,६१६ बढी खर्च भएको देखियो । सो सम्वन्धमा पालिकाले छलफलको क्रममा अतिथि आवतजावत, कार्यालय प्रयोजनमा प्रयोग, भौगोलिक विकटता र प्रदेश राजधानी हेटौडा कामकाजमा बढी जान परेकोले बढी खर्च हुन गएको जनाएको छ । कार्यालयको काम र अतिथिको लागि प्रयोग हुँदा सोहि प्रयोजन खुल्ने गरी लगबुक राख्नुपर्ने र इन्धन खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

२० **सामाजिक सुरक्षा भत्ता वितरण खर्च**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यबिधि तथा महालेखा नियन्त्रक कार्यालयको परिपत्र अनुसार लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बैंक मार्फत EFT खातामा निकासा गर्नुपर्ने उल्लेख गरेको छ । सम्बन्धितको बैंक खातामा भत्ता भुक्तानी पश्चात लाभग्राहीले आफ्नो आवश्यकता अनुसार रकम झिक्न सक्ने व्यवस्था रहेकोमा पालिकाले बैंकको कर्मचारी तथा कार्यक्रम संयोजकलाई दैनिक भ्रमण भत्ता, गाडी भाडा तथा खानाखाजा खर्च बापत यस वर्ष रु.५,८३,१८२ भुक्तानी गरेको छ । लाभग्राहीको खातामा भएको रकम आफ्नो आवश्यकता अनुसार झिक्न सकिनेमा पालिकाले त्रैमासिक रुपमा बैंकको कर्मचारी सहितको घरदैलो कार्यक्रम गरी खर्च गरेको नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

| क्र.सं. | मिति | भौ. नं. | विवरण | डेबिट |
|---|---|---|---|---|
| १ | ०६/०७/२०८१ | ३१ | सलग्न कागजपत्रका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण खर्च एम आइ एसअपरेटरलाई शोधभर्ना | १,४९,२२०.०० |
| २ | ०६/१६/२०८१ | ४८ | संलग्न कागजपत्रका आधारमा सामाजिक सुरक्षा भत्ता वितरणखर्च एमआइएस अपरेटरलाई रकम भुक्तानी | १,५२,२२२.०० |
| ३ | १२/०४/२०८१ | २३६ | संलग्न कागजपत्रका आधारमा सम्बन्धित कार्यक्रम सम्पन्न गरेवापतएम.आइ.एस. अपरेटरलाई रकम शोधभर्ना | १,३९,६८०.०० |
| ६ | ०२/१८/२०८२ | ४१८ | संलग्न माग निवेदन टिपणी आदेश बिल भरपाई तथा कार्यक्रम प्रतिवेदन बमोजिम पेश्की फर्छ्यौट गरि पुस्कर महतलाई भुक्तानी | १,४२,०६०.०० |
| जम्मा | | | | ५,८३,१८२.०० |

२१ **आर्थिक सहायता:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । पालिकाले यो बर्ष अनुसुचीमा संलग्न बमोजिम ९० जनालाई रु.१६,४९,५०० आर्थिक सहायता वितरण गरेको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२२ **सहकारी अनुगमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र ४५ वटा सहकारी संस्थाको सदस्य संख्या, शेयर पुँजी, बचत, ऋण लगानी र जगेडा कोषको अवस्था निम्नानुसार रहेका छन् ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | १८ | १५६८३ | ५६७२२००० | ५७३८६१७८३ | ५२५३०९३५७ | ३५३२५३६८ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ० | ० | ० | ० | ० | ० |
| कृषि सहकारी संस्था लि. | १८ | ४४४३ | ८०५९७०० | ६३१३८९५३ | ८५६८३९५२ | १७५९८३५ |
| अन्य | ९ | ३४४ | १४७९०० | १७१०३२५ | १५४१११५ | ० |

पालिकाले पेश गरेको विवरण अनुसार ४५ मध्ये १९ वटा निस्कृय र २६ वटा सक्रिय रहेको देखिन्छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट सक्रिय संस्थाहरुले विवरण दाखिला गरेको पाइयो । ३२ वटा सहकारी संस्थाहरुले पासवर्ड लिई धेरैजसो सक्रिय संस्थाहरुले COPOMIS बाट मासिक रुपमा विवरण भरेको पाइयो । संस्थामा दक्ष जनशक्तिको अभाव लगायत कारण कतिपय विवरण पेश नभएको पालिकाले जनाएको छ । ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । साथै सहकारीको अनुगमन तथा सहजीकरण गरी प्रभावकारी रुपमा संचालनको व्यवस्था मिलाउनु पर्दछ ।

२३ **कर्मचारी कल्याण कोष:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम (१) वमोजिम अवकाश कोषको व्यवस्था गर्न सक्ने व्यवस्था छ त्यस्तै उपदफा (२) वमोजिम त्यस्तो कोषमा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.१५,००,०००।०० ट्रान्सफर गरेकोमा कोष संचालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन भने नियममा भएको व्यवस्था वमोजिम खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम मात्र थप गर्नुपर्ने व्यवस्था अवलम्वन गरेको पाइएन । नियममा भएको व्यवस्था अवलम्वन गरी अवकाश कोष संचालन तथा व्यवस्थापन गर्नुपर्दछ।

२४ **वितरणमुखी खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रकोप व्यवस्थापनमा त्रिपाल तथा पलाष्टिक खरिदमा रु.७,८५,७७३।००, महिला सञ्जाल मार्फत अन्तराष्ट्रिय नारी दिवस कार्यक्रममा रु.१,८७,४९५।००, महिलाहरुका लागि स्थानीय सास्कृतिक कार्यक्रम खर्च रु.२,०७,१००।०० विपन्न नागरिक उपचार सहायता कोष कार्यविधि बमोजिम नगद अनुदान कार्यक्रममा रु.९,९७,५००।०० खर्च गरेको छ । यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्ने र वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

२५ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न सकेको छैन । फोहरमैला उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य,

अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२६ **सामाग्रीको दाखिला तथा वितरण नभएकोः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **४०९,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२७ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना हेफर प्रोजेक्ट नेपाल र पालिका वीच रु.६,४२,८५,७१४।- को लागत साझेदारीमा मिति २०७९।०९।१७ देखि २०८३ असार १६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।१०।०९ मा सम्झौता भएको छ। कुल लागत मध्ये रू. ४,५०,००,०००।- पालिकाले र बाँकी हुने रकम रु.१,९२,८५,७१४।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ। यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८१।८२ मा रु. ५३,८८,८९६/- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन्

२७.१ पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्‍याउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजीगरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन। अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने कामलाई पालिकाको समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गरिएकोले सोको लाभ-लागत विश्लेषण गरी खर्चलाई प्रभावकारी वनाउनुपर्दछ ।

२७.२ परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसबाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रमवाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन। उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ। यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासको बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन। वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

२७.३ गाउँपालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य सामुदायिक विकास मंच मार्फत गराई हेफर नेपालले सम्झौताको शत प्रतिशत भुक्तानी लिएको पाईयो। सम्झौताअनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन।

२७.४ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये हेफरलाई किस्तामा रकम उपलब्ध गराएको छ। पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेको उचित देखिएन ।

२७.५ हेफर प्रोजेक्ट नेपालसँग भएको सम्झौताको बुदा नं.७.१.२ मा पालिकाले साझेदारी अन्तर्गको बजेट कार्यक्रमगत विषय शिर्षकहरुमा खर्च गर्ने र हेफर प्रोजेक्ट नेपालले साझेदारीको बजेट तालिम, जनशक्ति परिचालन तथा प्रशासनिक शिर्षकहरुमा खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तै बुदा नं. ७.१.५ मा परियोजनाको विस्तृत बजेट तथा विनियोजन अनुसार तालिम र प्राविधिक सेवा तथा मुल्यांकनमा पालिकाको खर्च समेत समावेश गरेको देखियो । सम्झौताको बुदाँ नं.७.१.२ उल्लेख भएको व्यहोरा भन्दा फरक गरी बजेट बाँडफाँड गरे अनुसार खर्च भुक्तानी भएको छ । यस वर्ष हेफर प्रोजेक्टले पेश गरेको खर्च बिवरण अनुसार कुल खर्च रु.५३,८८,८९६।०० मध्ये तालिममा भएको खर्च रु.५३,४८०।०० तथा प्राविधिक सेवा तथा मूल्याङ्कनको रु.१,८०,०००।०० गरी कुल रु.२,३३,४८०।०० सम्झौता उल्लेख भए अनुसार तालिम, जनशक्ति परिचाल तथा प्रशासनिक शिर्षकहरुमा भएको खर्च हेफर प्रोजेक्टले व्यहोर्नुपर्ने उल्लेख भएकोले उक्त रकम असुल हुनुपर्ने रु....

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३३,४८० |

२८ **शिक्षक तथा विद्यालय व्यवस्थापन**

शिक्षा नियमावली, २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयको पुर्वाधार अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ३४ वटा विद्यालयमा शिक्षक दरबन्दी ३५५ रहेकोमा स्थायी, करार तथा राहत गरी ३५५ नै पदपूर्ति रहेको छ । विद्यार्थी संख्या २,७९२ रहेकोले पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:८ रहेको देखिन्छ भने प्रति विद्यार्थी लागत रु. ६१,९२६।०० रहेको छ । शिक्षक विद्यार्थी अनुपात, प्रति विद्यार्थी लागत र भौगोलिक विकटता जस्ता कुराहरुलाई विचार गरी शिक्षक तथा विद्यालय व्यवस्थापन गरी पठन पाठनलाई प्रभावकारी बनाउनु पर्दछ । पालिकाको विद्यालय अनुसारको शिक्षक संख्या, विद्यार्थी संख्या, खर्च, विद्यार्थि शिक्षक अनुपात र प्रति विद्यार्थि लागत निम्नानुसार छन् ।

| सि नं. | विद्यालयको नाम र ठेगाना | ठेगाना | शिक्षक संख्या | विद्यार्थी संख्या | कुल निकासा रकम | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|---|---|
| १ | श्री नारायणी मा.वि. | वडा नं. १ | १८ | १४० | ११३०४९१० | ८०७४९ |
| २ | श्री भीमेश्वर आ.वि. | वडा नं. १ | ७ | ३८ | ३५९१७९९ | ९४५२१ |
| ३ | श्री गणेश आ.वि. | वडा नं. १ | १५ | १०४ | ६८९६९७० | ६६३१७ |
| ४ | श्री बुढीचण्डीका प्रा वि | वडा नं. १ | ३ | ८ | ९८३२०७ | १२२९०१ |
| ५ | श्री इन्द्रावती प्रा वि | वडा नं. १ | ४ | २३ | १७३६८७० | ७५५१६ |
| ६ | श्री अमर मा.वि. | वडा नं. २ | १५ | ६० | ७८८७६१४ | १३१४६० |
| ७ | श्री जनप्रभात मा.वि. | वडा नं. २ | १८ | १७६ | ११४९०८९८ | ६५२८९ |
| ८ | श्री जनता आ.वि. | वडा नं. २ | ६ | ३४ | २९९३५५९ | ८८०४६ |
| ९ | श्री नयाँज्योति आ.वि. | वडा नं. २ | ४ | २० | १६७१४६० | ८३५७३ |
| १० | श्री सितापाइला मा.वि. | वडा नं. ३ | २० | १७५ | १२२०७७८४ | ६९७५९ |
| ११ | श्री कालापानी मा.वि. | वडा नं. ३ | १५ | ८७ | ७८०१२४१ | ८९६६९ |
| १२ | श्री चनौटे आ.वि. | वडा नं. ३ | ६ | २४ | २८०६६२२ | ११६९४३ |
| १३ | श्री छौडे आ.वि. | वडा नं. ३ | ११ | ६३ | ५७३९०५१ | ९१०९६ |
| १४ | श्री जागृति आ.वि. | वडा नं. ३ | ४ | १३ | १७७८६२१ | १३६८१७ |
| १५ | श्री गोल्मेश्वर मा.वि. | वडा नं. ४ | १९ | ३४५ | १३३६२३८३ | ३८७३२ |
| १६ | श्री सिद्धेश्वर मा.वि. | वडा नं. ४ | १४ | ४२ | ५६२२५३७ | १३३८७० |
| १७ | श्री गुप्तेश्वर मा.वि. | वडा नं. ४ | १३ | ६१ | ५८३५७३४ | ९५६६८ |
| १८ | श्री सेतिदेवि प्रा.वि. | वडा नं. ४ | २ | ५ | ३७४२८१ | ७४८५६ |
| १९ | श्री शंखेश्वर आ वि | वडा नं. ५ | ९ | ३२ | ४५१४०२३ | १४१०६३ |
| २० | श्री जनजागृति मा.वि. | वडा नं. ५ | २० | १२९ | ११२४०८१० | ८७१३८ |
| २१ | श्री कालिका प्रा वि | वडा नं. ५ | ४ | १५ | १६१३७८९ | १०७५८६ |
| २२ | श्री त्रिकुटेश्वर मा.वि. | वडा नं. ५ | १० | ३३ | ४९१३६४८ | १४८८९८ |
| २३ | श्री जाल्पादेवि प्रा वि | वडा नं. ५ | ४ | १९ | १५०५५६७ | ७९२४० |
| २४ | श्री सूर्योदय प्रा.वि. | वडा नं. ६ | ४ | १५ | १५१३७४७ | १००९१६ |
| २५ | श्री जनकल्याण प्रा.वि. | वडा नं. ६ | ३ | १० | ५२६४५० | ५२६४५ |
| २६ | श्री महेन्द्र मा.वि. | वडा नं. ६ | २२ | २३९ | १२३७९६९५ | ५१७९८ |
| २७ | श्री सिद्धेश्वर प्रा.वि. | वडा नं. ६ | ५ | १८ | २१७९६५७ | १२१०९२ |
| २८ | श्री जनज्योति आ वि | वडा नं. ६ | १२ | ९५ | ५८७१६०९ | ६१८०६ |
| २९ | श्री दुम्सीझाङ आ.वि. | वडा नं. ७ | ११ | ७६ | ४७३५५१७ | ६२३०९ |
| ३० | श्री कालिका मा.वि. | वडा नं. ७ | २२ | २०८ | ११९३१२०४ | ५७३६२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | श्री अम्बिका आ.वि. | वडा नं. ७ | १० | ८२ | ४९२८४९६ | ६०१०४ |
| ३२ | श्री गोगनडाँडा वाविके | वडा नं. ४ | २ | ७ | ४८८४०० | ६९७७१ |
| ३३ | श्री किरातेश्वर वाविके | वडा नं. ४ | २ | १० | ३९०६०० | ३९०६० |
| ३४ | श्री खिम्ती प्रोजेक्ट स्कूल | वडा नं. ५ | २१ | ३८६ | ८०००० | २०७ |
| | जम्मा | | ३५५ | २७९२ | १७,२८,९८,७५३ | ६१,९२६ |

२९ **स्यनेटरी प्याडः**

सेनेटरी प्याड ( वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को वुदा नं ३(४) अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सुचना व्यवस्थापन प्रणालीको तथ्याङ्क बमोजिम अनुसुची १ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनेटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने, कार्यविधिको वुदा नं ५(१) बमोजिम विद्यालयले छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनेटरी प्याड शिक्षा शाखा मार्फत पालिकामा माग गरी पठाउने तथा वुदा नं ५(४) बमोजिम पालिकाले विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग मिति, पालिका तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष निःशुल्क सेनेटरी प्याड शिर्षकमा प्राप्त शसर्त रकम विभिन्न विद्यालयहरुमा रु. ९० का दरले वितरण गरेको छ । गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गरि वितरण गर्ने र सुरक्षित रुपमा भण्डारण गर्नुपर्ने र विद्यालयमा अनुगमन गरी प्रयोग र सुरक्षित भण्डारणबारे प्रतिवेदन गर्नुपर्दछ। साथै अगामि दिनमा प्रतिस्पर्धात्मक तवरले खरिद गरी वितरण गर्नुपर्दछ ।

| क्र.स. | विद्यालयको नाम | जम्मा निकासा |
|---|---|---|
| १ | श्री नारायणी माध्यामिक विद्यालय | ३५८३१ |
| २ | श्री गणेश आधारभुत विद्यालय | ७४१३ |
| ३ | श्री अमर माध्यामिक विद्यालय | १४८२६ |
| ४ | श्री जनप्रभात माध्यामिक विद्यालय | ३१५०६ |
| ५ | श्री सितापाइला माध्यामिक विद्यालय | ४४४८० |
| ६ | श्री कालापानी माध्यामिक विद्यालय | ११७३७ |
| ७ | श्री छौडे आधारभुत विद्यालय | ३७०६ |
| ८ | श्री गोल्मेश्वर माध्यामिक विद्यालय | ७३३१५ |
| ९ | श्री सिद्धेश्वर माध्यामिक विद्यालय | ३७०६ |
| १० | श्री गुप्तेश्वर माध्यामिक विद्यालय | ४९४२ |
| ११ | श्री शंखेश्वर आधारभुत विद्यालय | ४९४२ |
| १२ | श्री जनजागृति माध्यामिक विद्यालय | २५९४६ |
| १३ | श्री त्रिकुटेश्वर आधारभुत विद्यालय | ५५६० |
| १४ | श्री महेन्द्र माध्यामिक विद्यालय | ६१७७८ |
| १५ | श्री जनज्योति आधारभुत विद्यालय | १२९७३ |
| १६ | श्री दुम्सीझाङ आधारभुत विद्यालय | ६७९५ |
| १७ | श्री कालिका माध्यामिक विद्यालय | ४६३३३ |
| १८ | श्री अम्बिका माध्यामिक विद्यालय | १०५०२ |
| | जम्मा | ४,०६,४९१ |

## ३० **बालविकास सहजकर्ताः**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (संशोधन २०७५ समेत) बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु.१०,०००।- र पालिकाबाट रु. ७५००।- गरी रु.१७,५०० का दरले निकासा भएको रकम अनियमित देखिएको रु

| क्र सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | रकम रु. १३ महिना पोशाक भत्ता सहित |
|---|---|---|---|---|---|
| १ | गणेश आधारभुत विद्यालय | २० | १ | २ | २३७५०० |
| २ | महेन्द्र माध्यामिक विद्यालय | ७ | १ | २ | २३७५०० |
| जम्मा | | | | | ४,७५,०००।०० |

| अनियमित भएको | ४,७५,००० |
|---|---|

## ३१ **विद्यालय अनुदानको अनुगमन प्रतिवेदनः**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८१/८२ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत छनौट भएका विद्यालयहरुलाई विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६,५०,००० र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ,किताब खरिद,तथा ई-पुस्तकालय समेत) का लागि अनुदान बापत प्रति विद्यालयलाई रु. ६,५०,००० निकासा दिने व्यवस्था छ । पालिकाले निम्नानुसार विद्यालयलाई खरिद गरेको बिलभरपाईको आधारमा रु.१९,५०,०००।०० अनुदान उपलब्ध गराएको छ । अनुदान प्रदान गरेपश्चात विद्यालयले विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्थापन सम्बन्धमा अनुगमन तथा अनुदानको उपयोगिताबारे शिक्षाशाखाबाट अनुगमन गरि प्रतिवेदन गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | श्री नारायणी माध्यामिक विद्यालय | विज्ञान प्रयोशाला अनुदान | ६५०००० |
| २ | श्री जनप्रभात माध्यामिक विद्यालय | विज्ञान प्रयोशाला अनुदान | ६५०००० |
| ३ | श्री महेन्द्र माध्यामिक विद्यालय | पुस्ताकालय अनुदान | ६५०००० |
| जम्मा | | | १९, ५० , ००० |

३२ **विद्यार्थी बचत कार्यक्रम**

गाउँपालिकाले विद्यार्थी शैक्षिक वचत कार्यक्रम सम्बन्धि कार्यविधि निर्माण गरी कार्यक्रम संचालनमा ल्याएको छ । सो कार्यविधि अनुसार प्रत्येक विद्यार्थीको सहकारी संस्थामा अनिवार्य खाता खोल्ने र उक्त खातामा पालिकाबाट रु.१०० तथा अभिभावकबाट रु.१०० गरी मासिक रु.२०० जम्मा हुने व्यवस्था छ । साथै जम्मा भएको रकम कक्षा १२ पास वा १८ वर्ष उमेर पुरा गरेपछी मात्र निकाल्न पाउने व्यवस्था गरिएको छ। पालिकाले उक्त कार्यक्रममा यस वर्ष रु.१८,९५,७०० विद्यालयलाई नगद अनुदान दिई विद्यालयले विद्यार्थिको खातामा रकम जम्मा गरेको छ । दीर्घकालिन दायित्व सिर्जना हुने यस प्रकारको कार्यक्रम तर्जुमा गर्दा लाभ लागत विश्लेषण भएको देखिएन् । लाभ लागत विश्लेषण गरी कार्यक्रमको निरन्तरता र बजेट सुनिश्चितता लाई ध्यान दिई कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्दछ ।

| **क्र.सं.** | **भौ. नं. र मिति** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विवरण** | **डेबिट** |
|---|---|---|---|---|
| १ | ३०१-२०८१/१२/१८ | विद्यार्थी वचत कार्यक्रमका लागि नगद अनुदान | श्रावण-पौष सम्मको विद्यार्थी वचत कार्यक्रम रकम विद्यालयलाई निकासा | ९,८३,१००.०० |
| २ | ७१६-२०८२/०३/२५ | विद्यार्थी वचत कार्यक्रमका लागि नगद अनुदान | माघ-असार सम्मको विद्यार्थी वचत कार्यक्रमको रकम विद्यालयलाई निकासा | ९,१२,६००.०० |
| जम्मा | | | | १८,९५,७००.०० |

३३ **सामुदायिक विद्यालयको दिवा खाजाः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यक्रम कार्यान्वयन निर्देशका, २०८१।८२ को २.३.७ बमोजिम सङ्घिय सरकारबाट तोकिए बाहेकका अन्य कक्षाका विद्यार्थीहरुका लागि स्थानीय तहले आफ्नै स्रोतबाट खाजा व्यवस्था गर्न सकिने छ । यसरी स्थानीय तहबाट खाजा व्यवस्थापन भएको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय मापदण्ड शाखामा पठाउनुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई दैनिक रु. १५ का दरले १५० दिनको खाजा वापत रु.३४,७१,७५०.०० खर्च लेखेकोमा सोको विवरण विकास केन्द्रमा पठाएको देखिएन । तोकिएको निर्देशिका बमोजिम मापदण्ड पुरा गर्नुपर्दछ।

३४ **प्रोत्साहन भत्ताः**

बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ (४) वमोजिम स्थानीय तहका कर्मचारीहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता आन्तरिक श्रोतका आधारमा गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष पुर्वाधार शाखामा

कार्यरत ११ जना प्राविधिक कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रु.१५,७४,०७० खर्च गरेको छ । पालिकाले पुर्वाधार शाखाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता भुक्तानी गर्न कार्यविधि वनाई विभिन्न आधार तथा सुचाङ्क तयार गरे तापनि पूर्ण रुपमा प्रयोगमा ल्याएको छैन । पालिकाले सार्वजनिक विदा तथा व्यक्तिगत विदा कट्टा गरी प्राविधिक कर्मचारीले दैनिक भ्रमण भत्ता नपाउने गरी आधारभुत तलवको ४० प्रतिशतको दरले प्रोत्साहन भत्ता उपलब्ध गराएको छ । आन्तरिक आयलाई विचार गरी तोकेको मापदण्ड र सुचाङ्कको आधारमा गणना गरी आवश्यकताको आधारमा मात्र प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सि नं | भौ नं र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ३०-०८१।११।०२ | साउन देखि पुस | ८४६०३४ |
| २ | १४१- | माघ देखि असार | ७२८०३६ |
| | जम्मा | | १५,७४,०७०.०० |

## ३५ अन्य निकायको खर्च :

पालिकाले प्राप्त गरेको आन्तरिक आय तथा केन्द्रीय निकायबाट प्राप्त निकासा पालिकाको क्षेत्राधिकार भित्र रहेको सार्वजनिक निर्माण तथा कल्याणकारी कार्यको लागि खर्च गर्नुपर्दछ। यस वर्ष पालिकाको क्षेत्राधिकार नरहेको निम्न निकायलाई निम्नानुसार आर्थिक सहयोग स्वरुप निकासा एवम् खर्च भुक्तानी गरेको छ । तर सम्बन्धीत संस्थाले उक्त रकम आम्दानी बाँधी सही प्रयोजनमा खर्च गरे नगरेको एकीन गरेको छैन । यस प्रकारको खर्च नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | भौ नं र मिति | भुक्तानी पाउने | कार्यक्रम वा वापत | रकम |
|---|---|---|---|---|
| १ | ५८४-०८२।३।१ | नेपाल रेडक्रस दोलखालाई अनुदान | सहयोग | १००००० |
| २ | ७०६-०८२।३।२४ | पशुपत्ति चौलागाई फाउण्डेशन | सहयोग | १२५००० |
| ३ | | गाउँपालिका राष्ट्रिय महासंघ | सहयोग | ३०००० |
| | | **जम्मा** | | **२,५५,०००** |

## ३६ दोस्रो बोलपत्रदातासँग ठेक्का सम्झौताः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा ऐनको दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी शर्तहरुको बुँदा नं. ३५.४ मा "If the bidder whose bid is accepted fails to sigh the contract as stated ITB 35.1, the Public Procurement Monitoring Office shall blacklist the bidder on recommendation of the Public Entity" भन्ने व्यवस्था छ । पालिकाले "Upgrading Works of Bhirkot Kalidah-Gairimudhi Jhule Chhaude Road" को बोलपत्र आह्वानको सूचना मिति २०८१।१०।२ गते प्रकाशित गरेकोमा विभिन्न ४ निर्माण व्यवसायीहरुले बोलपत्र पेश गरेको पाईयो । सोको मुल्यांकनबाट निर्माण व्यवसायी श्री केवलेश्व कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता छनौट भई मिति २०८१।११।२७ मा सम्झौता गर्न आउन पत्राचार गरेकोमा निज निर्माण व्यवसायी सम्झौता गर्न नआएकोमा पालीकाले एकपटक मात्र पत्राचार गरेको र सम्झौता गर्न नआए पश्चात सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (५) बमोजिम निजको बोलपत्रको जमानत रकम रु.१,२५,०००.०० जफत गरी सो भन्दा लगतै पछिको न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता श्री देवधाम कन्स्ट्रक्शन प्राली, भिमेश्वरसँग सम्झौता गरेको छ । सो कार्यकोलागी पहिलो बोलपत्र दाताले रु. ३२,०८,७१८.०० र दोस्रोले रु. ४३,९७,५४७.०० कबोल गरेकोमा दोस्रोसँग सम्झौता गर्दा रु.११,८८,८२९.०० बढीमा सम्झौता भएको छ । पहिलो र दोस्रो बोलपत्र दाताको तुलना गर्दा पालिकालाई जमानत जफत भएको रु. १,२५,०००.०० कट्टा गरी रु. १०,६३,८२९.०० बढी व्ययभार परेको छ । पालिकाले निज न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदातालाई कालोसुचीमा राख्ने प्रकृया समेत अधि बढाएको छैन् । खरिद कानुनको पालना नगरी पालीकालाई बढी व्ययभार पर्नेगरी पहिलोलाई कालोसुचीमा सिफारिस नगरी दोस्रो बोलपत्रदातासँग सम्झौता गरी काम गराएकोले अनियमित देखिएको रु.

| अनियमित भएको | १०,६३,८२९ |
|---|---|

३७ **जिन्सी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

३८ **प्राविधिक बिल र कार्यसम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित केहि योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको तथा केहिमा घटि कार्य भई कार्यसम्पन्न भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था नरहेको र घटी कार्य गरेको प्राविधिक पुष्टाई सहित भेरियसन गरेको देखिदैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति तथा नापि मिति लगायतका नापीकिताब तथा बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन सकिएन । उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउने र घटि खर्च गराउन पर्नाको प्राविधिक कारण र पुष्ट्याई खुलाउनुपर्छ ।

३९ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्दछ । पालिकाले योजना सम्बन्धी सफ्टवेयर २०७७।७८ मा खरिद गरी रु.५,००,००० भुक्तानी गरेको छ। उक्त सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा रु.७५,००० खर्च गरेको देखियो। पालिकाले उक्त सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

४० **पूर्वनिर्धारीत क्षतिपुर्ती**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र खरिद सम्झौता बमोजिम खरिद सम्झौतामा तोकिएको म्यादभित्र निर्माण व्यवसायीका कारण कार्य सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्य दशमलब शुन्य पाँच प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । निम्नानुसार ठेक्का सम्झौताको GCC 55.1 मा सम्झौता रकमको शुन्य दशमलब शुन्य पाँच प्रतिशत प्रतिदिनको दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने व्यवस्था छ । पालिकाले निम्नानुसार ठेक्काको कार्य समयावधी भित्र सम्पन्न नभएकोले भुक्तानी दिँदा निम्नानुसार पूर्वनिर्धारित क्षतिपूर्ति रकम कट्टा गर्नुपर्नेमा कम रकम कट्टा गरेको छ । कम कट्टा भएको रकम सम्बन्धित निर्माण व्यवसायीहरुबाट असुल गर्नुपर्ने रु.

| ठेक्कानं. | निर्माण व्यवसायी | सम्झौता रकम | नियमानुसार लाग्ने हर्जना | कट्टा गरेको हर्जना | घटी रकम |
|---|---|---|---|---|---|
| (07/TRM/NCB/Works/2078-079) | नम्बर हिमाल नासिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. गोकर्णेश्वर-५ काठमाडौं । | २७८५२९१ | २७८५२९ | २४३३४७ | ३५,१८२ |
| (03/TRM/NCB/Works/I/2078-079) | सनबृज सोलार नेपाल प्रा.लि. स्वयम्भु-१५ काठमाडौं । | ३४६७९१८ | ३४६७९२ | ३०१५८६ | ४५,२०६ |
| | जम्मा | | | | ८०,३८८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,३८८ |

४१ **सामाजिक सरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु**

४१.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा मृत्यू भई लगत कट्टा पश्चातको अवधीमा निकासा भएको रु.३२१३४९१ बैंकबाट फिर्ता लिई दाखिला गरेको विवरण पेश भएकाले लगत कट्टा पश्चात रकम निकासा हुने अवस्थालाई ध्यान दिई सामाजिक सुरक्षा भत्ता विवरणलाई प्रभावकारी बनाउनुपर्दछ ।

४१.२ लगत कट्टा

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **११,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,४१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१०,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,८०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन । त्यस्तै दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था तोकेको छ । पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरेको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।

४१.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंकद्धरा लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो व्यवस्थाको पालना गरेको पाइएन। कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ।

४१.५ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ।

### ४२ उत्पादित सामानको व्यवस्थित अभिलेख नभएको:

गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३९ अनुसार तालिमबाट उत्पादित सामान तथा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाइ नै विक्री गर्न सक्ने व्यवस्था छ। पालिकाले लघु उधम विकास कार्यक्रममा जम्मा रु.२,४०,००० बराबरको कच्चा पदार्थबाट विभिन्न सामानहरु उत्पादन गरी तालिम संचालन गरेको छ । कच्चा पदार्थको लागतको कम्तीमा ५० प्रतिशत आम्दानी हुनेगरी उत्पादित वस्तु तथा सामान विक्री गरी आम्दानी वाँध्नुपर्नेमा विक्री नगरी उत्पादित सामानहरु तालिममा सहभागिहरुलाई नमुनाको रुपमा वितरण गरेको देखियो। निर्देशिकामा तोकेको प्रक्रिया बमोजिम उत्पादित सामान विक्री गरी राजश्व दाखिला गर्नुपर्दछ ।

### ४३ प्रधानमन्त्री रोजगार कार्यक्रमः

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कार्यान्वयनमा छ । यस कार्यक्रमका लागि रु.९२,९४,००० बजेट विनियोजन भएकोमा श्रमिक ज्यालाका लागि पालिका अन्तर्गत ७ वडामा १४ वटा योजना सञ्चालन गरी यस वर्ष ७१ जनालाई अधिकत्तम १०० दिनका दरले ५,२५० दिन रोजगारी उपलव्ध गराई रु.४१,४५,६२०.०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे / नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको

देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४४ **इन्धन तथा मर्मतः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। पालिकामा २ वटा चारपाङ्गे गाडी, १ व्याकहोलोडर र २५ वटा मोटरसाइकल रहेकोमा यस वर्ष ईन्धनमा रु. ३०,०३,७०१.४० तथा सवारीसाधन मर्मतमा रु. २३,३०,७२८.०० गरी कुल रु. ५३,३४,४२९.०० भुक्तानी गरेको छ । हालसम्म पालिकाले ईन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। ईन्धन खर्चलाइ मितव्ययी बनाउन कोटा निर्धारण गरी सवारी लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| सिनं | खर्च शिर्षक | स्रोत | बजेट | खर्च |
|---|---|---|---|---|
| 1 | इन्धन (पदाधिकारी) ४३४४ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ८००००० | ३९६३१५ |
| २ | इन्धन (पदाधिकारी)४९२६ | राजस्व बाँडफाँड - संघीय सरकार | ८००००० | ५१२२९६ |
| ३ | इन्धन (कार्यालय प्रयोजन) मोटरसाईकल | राजस्व बाँडफाँड - प्रदेश सरकार | ५००००० | ४६४८७९ |
| ४ | इन्धन (कार्यालय प्रयोजन) व्याक हो लोडर | राजस्व बाँडफाँड - संघीय सरकार | ८००००० | ८००००० |
| ५ | इन्धन (कार्यालय प्रयोजन) मोटरसाईकल | राजस्व बाँडफाँड - संघीय सरकार | १०००००० | ८३०२११ |
| | इन्धनको जम्मा रकम | | ३९००००० | ३००३७०१ |
| ६ | सवारीसाधन मर्मत खर्च ४९२६ | राजस्व बाँडफाँड – संघीय सरकार | ११५०००० | ११४९२३० |
| ७ | मोटरसाईकलमर्मत | राजस्व बाँडफाँड – संघीय सरकार | १५०००० | ८३४५० |
| ८ | सवारीसाधन मर्मत खर्च ४३४४ | राजस्व बाँडफाँड – संघीय सरकार | ८००००० | ७९८०४८ |
| ९ | सवारीसाधन मर्मत खर्च मोटरसाईकल | राजस्व बाँडफाँड – प्रदेश सरकार | ३००००० | ३००००० |
| | मर्मतको जम्मा रकम | | २४००००० | २३३०७२८ |
| | जम्मा | | ६३,००,००० | ५३,३४,४२९ |

४५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशाकीय अधिकृत सहित १५२ दरवन्दी (पालिकाको करार समेत) रहेकोमा ११५ पदपूर्ती भई २८ रिक्त देखिन्छ । पालिकाको दरवन्दी र पदपूर्तीको विवरण निम्नानुसार छ ।

| सिनं | दरवन्दी विवरण | संघिय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | जिविस/गाविस | पालिकाबाट (करार कर्मचारी) | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ४५ | ४५ | ४ | ४८ | १० | १५२ |
| २ | पदपूर्ती | २१ | ३२ | ४ | ४८ | १० | ११५ |
| ३ | रिक्त | २२ | ६ | ० | ० | | २८ |
| ४ | पदपुर्ती मध्ये करार | २ | ६ | ० | ४८ | | ५६ |

पालिकाले ओ एण्ड एम सर्वेक्षण गरी सभाबाट दरबन्दी स्विकृत गरी प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगमा माग गर्नुपर्नेमा ओ एण्ड एम सर्वेक्षण गरी स्वीकृत गरेको देखिएन। पालिकाले स्वीकृत दरबन्दी बाहेक विभिन्न चौथो र पाँचौ तहका विभिन्न ८ जना कर्मचारी करारमा नियुक्ती गरी तलब भत्ता भुक्तानी गरेको छ। ओ.एण्ड एम. सर्भेक्षण नगरी दरवन्दी स्वीकृत नगरी कर्मचारी नियुक्ती गर्ने प्रक्रिया उचित देखिएन । पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेकोले दरवन्दी स्वीकृत गरी स्थायी पदपुर्ती गर्नुपर्दछ ।

४६ **कर्मचारी व्यवस्था**

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८) मा गाउँ प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार करार कर्मचारीको कुल पारिश्रमिक रु. १,३३,१०,०११ खर्च भएकोमा उल्लेखित पदहरुमा बाहेक २ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ९,४६,८४८ भुक्तानी गरेको पाइयो ।

| पद | **नियुक्ति संख्या** | **तलवभत्ता रु.** |
|---|---|---|
| सव इन्जिनियर | १ | ४५१४९० |
| असिस्टन्ट सब-ईन्जिनियर | १ | ४२७७२६ |
| जम्मा | | ९,४६,८४८ |

अतः ऐनको प्रावधान वमोजिम ज्यालादरी/ करारमा नियूक्त गर्न पाउने पदहरु वाहेक अन्य पदमा स्थायी कर्मचारी पदपुर्ती गर्नुपर्दछ ।

४७ **कल्याण कोष:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म यस्तो कल्याणकारी कोषको स्थापना गरेको छैन। कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरी कल्याणकारी कोषको कार्यान्वियन गर्नुपर्दछ।

४८ **दरवन्दी वाहेकको करार**

बागमती प्रदेशको स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ । यस्तै सोही ऐनको दफा ९(१४) मा पाँचौँ तथा चौथो तहका कम्प्युटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, चौकीदार, स्वीपर, प्लम्बर, माली, सरसफाईकर्मी, कार्यालय सहयोगी लगायतका पद बाहेक सेवा करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले ऐनले करारमा राख्न नपाइने उल्लेख भएका पदमा निम्नानुसार ८ कर्मचारी नियुक्त गरी तलब भत्ता वापत रु.२९,७०,९४२।०० भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

| क.स | पद | नाम थर | मासिक तलव | वार्षिक तलव |
|---|---|---|---|---|
| १ | प्रशासन तथा लेखा सहायक | महेश कुमार घिमिरे | ३२९०२ | ४२७७२६ |
| २ | प्रशासन तथा लेखा सहायक | पार्वती घिमिरे | २६००० | ३३८००० |
| ३ | कार्यालय सहायक | गिता कार्की | २६००० | ३३८००० |
| ४ | नायव पशु स्वास्थ्य प्राविधिक | रमेश प्रसाद काफ्ले | २६००० | ३३८००० |
| ५ | प्रशासन तथा लेखा सहायक | इराजन पोखरेल | २६००० | ३३८००० |
| ६ | फिल्ड सहायक | जनक न्यौपाने | ३२९०२ | ४२७७२६ |
| ७ | नेत्र सहायक | रोजिना अधिकारी | ३४७३० | ४५१४९० |
| ८ | चस्मा फिल्टर | मिश्रा चापागाई | २४००० | ३१२००० |
| जम्मा | | | २,२८,५३४ | २९,७०,९४२ |

| | |
|---|---|
| अनियमित भएको | २९,७०,९४२ |

४९ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क (५) तथा बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ६९(५) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ विभिन्न २९ कर्मचारीको रु. १,९२,६५,८८२ र पालिका तर्फ विभिन्न २८ स्थायी कर्मचारीहरुको रु. १,७३,७२,५०९ समेत रु. ३,६६,३८,३९१ खर्च तलब लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५० **एज विल्ट ड्रईङः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५१ **अस्पताल भवनः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१,१८८,८७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **फरक नर्म्सको प्रयोगः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा मित्वययी हुने गरी नर्म्सको प्रयोग गर्नुपर्दछ । पालिकाले सडक सिंचाई पूर्वाधार निर्माण कार्यको लागि डोलिडार र भवन निर्माणमा भवनको नर्म्स प्रयोग गरेको छ । पालिकाको ५ लाख माथि उपभोक्ता समितिबाट संचालन

भएको योजना परीक्षण गर्दा केही आइटम सडक भन्दा अन्य नर्म्स प्रयोग गरेकोले थप व्ययभार परेको देखियो । यसरी स्वीकृत नर्म्स तुल्नात्मक अध्ययन नगरी एकै निकायको नर्म्सको आधारमा लागत अनुमान तयार गर्दा देहायका कार्यमा रु.२,०४,८२२।०० थप व्ययभार परेको रु...

| भौ नं. रमिति | योजनाको नाम | लागत अनुमान | मुल्यांकन | भुक्तानी | बढी दर भएको आइटम | परिमाण | डोलिडारको नर्म्स अनुसार | सडकको नर्म्स अनुसार | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १०-०८१।६।१८ | शिवालयपोखरी सिंचाई योजना | ५१२९२१ | ४९८२२९ | | RCC M20 | १४ | १९६७३ | १६२१४ | ३४५९ | ४८३२२ |
| | | | | | PCC M15 | ३.१८ | १६७७६ | १४७७० | २००६ | ६३७९ |
| ७४-०८२।२।७ | मलुखोलागहते डाडागाँउ पदमार्ग | ७१८५८० | ७११०५१ | ४७५१९५ | PCC M15 | ४२.२६ | १५९७४ | १४०३४ | १९४० | ८१९८४ |
| ८४-०८१। | खुलुदेउराली पदमार्ग | ५१४६११ | ५१४६११ | ४७७२०० | PCC M15 | १४.७ | १७७७९ | १६५८६ | ११९३ | १७५३७ |
| १२२-०८२।३।२३ | गोरेटोबाटो निर्माण वडा नं ३ | ६६१८३९ | ६६२८६९ | ६१४३२० | PCC M15 | ३६.२२ | १५५३७ | १४१४० | १३९७ | ५०५९९ |
| | जम्मा | | | | | | | | | २,०४,८२२ |
| | | | | | | | | | अनियमित भएको | २,०४,८२२ |

५३ **ठेक्का व्यवस्था:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । पालिकाले यो बर्ष ठेक्का मार्फत संचालन गरेका योजनाहरुको विवरण निम्नानुसार छ ।

| योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायी | लागतअनुमान | सम्झौता रकम | घटी प्रतिशत | सम्झौता मिति |
|---|---|---|---|---|---|---|
| चौतारा काभ्रेपानी हिले राउतगाउ सडक स्तरोन्नती | (04/TRM/NCB/ Works/R/2081-082) | कृषल कन्स्ट्रक्सन मन्थली-८ रामेछाप | १९९९८८०८ | ९००१४५३ | ५३.२९ | १६/०६/२०८१ |
| जन्ता स्कुल सेतापहरे झुले सडक स्तरोन्नती | (05/TRM/NCB/ Works/R/2081-082) | कृषल कन्स्ट्रक्सन मन्थली-८ रामेछाप | १९९९६७७० | ९०७२७८३ | ५२.२२ | १६/०६/२०८१ |
| मालुखोला डाँडागाउँ फ्यूताल चौडा सडक स्तरोन्नती | (06/TRM/NCB/ Works/R/2081-082) | पासा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. नखु ललितपुर | ३९९९८९६० | २०७९९९९७ | ४६.६३ | २४/०८/२०८१ |
| जाल्पा गोबर्द्धनटार कल्लेरी सडक स्तरोन्नती | (07/TRM/NCB/ Works/R/2081-082) | फर्पुखिम्ती निर्माण सेवा फर्पु रामेछाप | २९९५९७९ | १५३५५६८ | ४८.७५ | २४/०८/२०८१ |
| पिनघले चौर कुप्रिझ्याङ दलित वस्ती सडक स्तरोन्नती | (08/TRM/NCB/ Works/R/2081-082) | आर. सि. निर्माण सेवा प्रा.लि. तामाकोशी गा पा-३ | २४९८६०३ | १२६५५६३ | ४९.३४ | २४/०८/२०८१ |
| सहरे वृहत खानेपानी योजना | (09/TRM/NCB/ Works/WS/2081-082) | हर्क निर्माण सेवा बैतेश्वर-२ दोलखा | २६५९५७९ | २४३०४९६ | ८.६ | १९/११/२०८१ |
| भिरकोट कलिदह गैरीमुडी झुले चौडे सडक स्तरोन्नती | (10/TRM/NCB/ Works/R/2081-082) | देवधाम कन्स्ट्रक्सन प्रा.लि. वानेश्वर | ४९९८६२९ | ४३९७५४७ | १२.०२ | २०/१२/२०८१ |
| तामाकोशी अस्पताल-१० शैया घेरावार | (12/TRM/NCB/ Works/SQB/2081-082) | हर्क निर्माण सेवा बैतेश्वर-२ दोलखा | १०९६३१२ | ६७२८८३ | ३६.४८ | १६/०१/२०८२ |

विवरण अनुसार योजनाको लागत अनुमान भन्दा ८.६ देखि ५३.२९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । साथै पालिकाले प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन गरीसक्नु पर्नेमा पालिकाले मिति २०८१।०६।१६ देखी २०८२।०१।१६ भित्र ठेक्का सम्झौता गरेको छ । लागत अनुमान भन्दा धेरै घटेर सम्झौता हुँदा कामको गुणस्तरमा असर पर्न सक्ने भएकाले अनुगमन तथा सुपरीवेक्षणलाई प्रभावकारी वनाउनुपर्दछ । समयमा ठेक्का सम्झौता नगर्दा आयोजना कार्यान्वियनमा असर पर्ने भएकोले प्रथम चौमासिक भित्र नै ठेक्का व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्दछ ।

५४ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, भेरिएशन

लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

५५ **समानिकरणबाट चालु खर्चः**

वित्तीय सामानिकरण अनुदानको रकमबाट आधारभूत सेवा र पूर्वाधार निर्माणमा खर्च गर्ने गरी प्रदान गरिएको हो । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । पालिकाले निम्नानुसारको वित्तीय समानीकरण अनुदानबाट रु. ७६,६२,४२७.०० अन्य चालु प्रकृतीको खर्च गरेको छ। समानीकरण अनुदानवाट चालु प्रकृतिको खर्च गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५६ **विद्युत जरिवानाः**

धारा, पानी, टेलीफोन, विजुली महशुल तोकिएको अवधिमा भुक्तानी गरेमा छुट पाउने व्यवस्था छ। विद्युत महसुल ढीलो भुक्तानी गर्दा विभिन्न विलबाट रु.१,१२,६७१ भुक्तानी गर्दा रु. २५,२२८ जरिवाना सहित रु.१,३७,८९९ भुक्तानी गरेको देखियो। तोकिएको समयमा भुक्तानी गरी छुट समेत लिनुपर्नेमा जरीवाना समेत भुक्तानी गरेकाले जरिवाना रकम नियमसम्मत नदेखिएको रु.

| सिनं | बिल खपत भएको संस्था | बिलरकम | जरिवाना रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | मालु स्वास्थ्य चौकी | ३५५८२ | ८६४५ | ४४२२७ |
| | | ३३९३ | ३३९ | ३७३२ |
| २ | झुले हेल्थ पोस्ट | २३१९ | ५७९ | २८९८ |
| | | ३१२३ | ३१२ | ३४३५ |
| ३ | कल्याणी पोख्रेल ( भाडाको घर ) | ३१४४ | १५३६ | ४६८० |
| | | १०७६ | १०७ | ११८३ |
| ४ | दिपा काफ्ले | १७१७ | ४२९ | २१४६ |
| | | ४७१ | ४७ | ५१८ |
| ५ | तामाकोशी गा पा | १८९५८ | ४७३९ | २३६९७ |
| | | ७२१९ | ७२१ | ७९४० |
| ६ | तामाकोशी गा पा वार्ड २ | २९३५ | ७३३ | ३६६८ |
| | | १३९६ | १३९ | १५३५ |
| ७ | जपे स्वास्थ्य चौकी | १२६४२ | ३१६१ | १५८०३ |
| | | २५११ | २५१ | २७६२ |
| ८ | जपे वार्डअफिस | ७७५ | १९३ | ९६८ |
| | | १६१२ | १६१ | १७७३ |
| ९ | मालु स्वास्थ्य चौकी | १४४१ | ३६० | १८०१ |
| | | ७५ | ७ | ८२ |
| १० | मालु वार्ड कार्यालय-४ | ४११८ | १०२९ | ५१४७ |
| | | ५६७ | ५७ | ६२४ |
| ११ | मालु वार्ड कार्यालय -४ | ६१५४ | १५३९ | ७६९३ |
| | | १४४३ | १४४ | १५८७ |
| | जम्मा | १,१२,६७१ | २५,२२८ | १,३७,८९९ |

| | |
|---|---|
| अनियमित भएको | २५,२२८ |

## ५७ रकम फिर्ता नभएकोः

कार्यक्रमको लागि प्राप्त अनुदान खर्च भई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सम्बन्धित तहको संचित कोषमा फिर्ता गर्नुपर्दछ । गृहणी महिला सशक्तिकरण कार्यक्रम संचालन गर्न सामाजिक बिकास कार्यालयबाट रु.१२,९७,०३२ प्राप्त भएकोमा उक्त कार्यक्रमको कुल खर्च रु.१३,६१,७६० भएकोमा गाउँपालिकासँगको लागत साझेदारीमा प्रदेश सरकारको अनुदान रु.१०,३९,९०९ खर्च गरी वाँकी रु.२,५७,१२३ विविध खातामा मौज्दात रहेकोले उक्त रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५७,१२३ |

५८ **खर्चको अनुपात नमिलेको**

गृहणी महिला सशक्तिकरण कार्यक्रमको कुल लागत रु.२३,१४,१०३ भएको कार्यक्रम संचालन गर्न सामाजिक विकास कार्यालय र गाउँपालिकाबिच मिति २०८१।१०।०६ मा सम्झौता भएको छ । सम्झौताको बुँदा (ग) मा कुल लागत मध्ये सामाजिक विकास कार्यालयले रु.१४,५७,०२८ तथा गाउँपालिकाले रु.८,५७,०७५ अर्थात ३७.०४ प्रतिशत हुन आउछ तर सम्झौतामा कुल लागतको ५० प्रतिशत उल्लेख छ । त्यस्तै सामाजिक विकास कार्यालयले प्रकासन गरेको सुचनामा गाउँपालिकाले रू.२,५७,१२३ र सामाजिक विकासले रु.१४,५७,०२८ गरी कुल रु.१७,१४,१५० को कार्यक्रम संचालन हुने उल्लेख भए तापनि सम्झौता बमोजिम नै कार्यक्रम संचालन हुनुपर्दछ । उक्त कार्यक्रमको कुल खर्च रु.१३,६१,७६० भएकोमा सम्झौता बमोजिम ३७.०४ प्रतिशतले हुने रु.५,०४,३९५.९० पालिकाले व्यहोर्नुपर्नेमा रु.२,५७,१२३।०० मात्र व्यहोरेकोले प्रदेश अनुदान बढी खर्च भएको रकम रु.२,४७,२७२।९० प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने देखिएको रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४७,२७२ |

५९ **ढुंगा गिट्टि बालुवाको ठेक्काः**

पालिका भित्र निम्नानुसार तिन स्थानमा ढुंगा गिट्टि बालुवाको ठेक्का लाग्ने गरी वातावरणीय प्रभाव मुल्यांकन भएको छ । वातावरणीय प्रभाव मुल्यांकन अनुसार निम्नानुसार २५,६१,२३१।०० क्यु.फुट उत्खनन गर्न सकिने र सो बापत न्युनतम रु.१,७९,२८,६१७।०० आम्दानी गर्न सकिने देखिन्छ ।

| सि.नं. | ठेक्काको विवरण | बातावरणीय प्रभाव मुल्यांकन अनुसार उत्खनन् गर्न सकिने परीमाण (क्यु.फुट.) | बातावरणीय प्रभाव मुल्यांकन अनुसार मुल्य |
|---|---|---|---|
| १ | खिम्ती खोला दोभान तामाकोशी क्षेत्र | ७२३३१५ | ५०६३२०५ |
| २ | गोपीखोला तामाकोशी दोभान क्षेत्र | ४८६०७१ | ३४०२४९७ |
| ३ | ढोलीखोला तामाकोशी दोभान क्षेत्र | १३५१८४५ | ९४६२९१५ |
| | जम्मा | २५६१२३१ | १७९२८६१७ |

यस सम्बन्धमा देखिएको बेहोराहरु निम्नानुसार छन्।

५९.१ **परिमाणात्मक बन्देज र अर्धकट्टिः** आन्तरिक आय अन्तरगतको ठेक्कामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टि.वालुवा रोडा ग्रामेल, दस्कट, मस्कट, माटो) आदिको उत्खनन, संकलन तथा निकासी कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरि परिमाण एकिन गरेर मात्र निकासी गर्न दिनुपर्नेमा व्यवसायीलाई साइट सबै जिम्मा लगाउने व्यवसायीले घाटगद्धि नगरी सोझै उत्खन्न एवं संकलन गरी निकासी गरेको पाइयो । परिमाणात्मक बन्देज लगाउन रसिदको नियन्त्रण खाता राखी रसिद प्रमाणीत गरि दिनुपर्ने र अर्धकट्टि कार्यालय फिर्ता लिइ परिमाण एकिन गर्नुपर्नेमा रसिदको अर्धकट्टि फिर्ता लिएको देखिएन । सम्झौता बमोजिमको परिमाण उत्खन्न, संकलन र निकासी भएको एकिन गर्न सकिने आधार सम्झौतामा खुलाई संकलन एवं विक्री गरी अर्धकट्टि फिर्ता लिई परीक्षण र भिडान गर्नुपर्दछ ।

५९.२

**राजश्व बाँडफाँडः** स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै प्रदेश आर्थिक ऐन, २०८१मा आर्थिक वर्ष २०८१।८२ मा प्रदेश भित्रको ढुङ्गा गिट्टी बालुवाको राजश्व असुल गरी विभाज्यकोषमा दाखिला गरी स्थानीय संचितकोषमा साठी प्रतिशत तथा प्रदेश संचितकोषमा चालिस प्रतिशत दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी कानुनमा भिन्नता देखिएकोले यक्त राजश्व बाँडफाँडमा अन्यौलता देखिएको छ । पालिकाले यस वर्ष उक्त स्रोतबाट रु. १,३५,६०,००० आम्दानी गरी चलिस प्रतिशत प्रदेश संचित कोषमा र साठी प्रतिशत आफ्नो संचित कोषमा दाखिला गरेको छ ।

५९.३ **ठेक्का नलागेकोः** पालिकाले न्युनतम मुल्यांकन रु. ५०,६३,२०५।०० भएको खिम्ती खोला दोभान तामाकोशी क्षेत्र र न्युनतम मुल्यांकन रु.३४,०२,४९७।०० भएको गोपीखोला तामाकोशी दोभान क्षेत्रको ठेक्का लगाउन सकेको छैन । पहिलो पटक मिति २०८१।४।२ गते, दोस्रो पटक मिति २०८१।५।२० गते र तेस्रो पटक २०८१।१०।२ गते सुचना प्रकाशन गरी बोलपत्र आह्वान गर्दा समेत ठेक्का नलागेको देखिन्छ । पालिकामा आर्थिक गतिविधिहरु न्यन भएको कारण ठेक्का नलागेको पालिकाको भनाई रहेको छ । पालिकाले ठेक्का नलगाएको अवस्थामा अमानत बाट समेत आय गरेको छैन् । पालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा कानुनको परिधि भित्र रही आय प्राप्त गर्नुपर्दछ ।

५९.४ **समयमा रकम दाखिला नभएकोः**ढोलीखोला तामाकोशी दोभान क्षेत्रको ढुंगा गिट्टि बालुवाको ठेक्काको लागी मिति २०८१।९।३ गते श्री चतुररुप निर्माण सेवा, ताकाकोशी ५ सँग रु.१,३५,६०,०००।०० मा सम्झौता भएको देखियो । सम्झौता अनुसार रकम दाखिला गर्न निम्नानुसार कार्यतालिका रहेकोमा व्यवसायीले तालिका अनुसार रकम दाखिला गरेको छैन । साथै सम्झौतामा ढिला दाखिला भएमा लाग्ने व्याज तथा जरिवानाको सम्बन्धमा उल्लेख छैन् । सम्झौताको शर्तमा व्याज तथा जरिवाना सम्बन्धमा स्पष्ट व्यवस्था गरी कार्यान्वियन गर्नुपर्दछ ।

| भुक्तानीको कार्यतालीका | दाखीला गर्नुपर्ने रकम | दाखीला भएको रकम | दाखिला मिति |
|---|---|---|---|
| सम्झौता भएको बेला (२५ प्रतिशत) | ३३९०००० | ६२३५००० | सम्झौताको समयमा |
| | | ५२५००० | २०८१।८।२० |
| पौष मसान्तमा (४० प्रतिशत) | ५४२४००० | | |
| जेष्ठ १५ गते सम्ममा (३५ प्रतिशत) | ४७४६००० | २०००००० | २०८२।३।२४ |
| | | ३८००००० | २०८२।३।२४ |
| | | ८००००० | २०८२।३।२५ |
| | | २००००० | २०८२।३।२५ |
| जम्मा | १,३५,६०,००० | १,३५,६०,००० | |

६० **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष रु. ७०,७२,१८२ राजश्व आम्दानी भएकोमा राख्न पर्ने मलेप फारम नराखेको, प्राप्त राजश्व परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुनुपर्दछ । पालिकाको विभिन्न शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको ्छ ।

| सि.नं. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १. | भुमिकर/मालपोत | २०००००० | ३८८५५५ | १९.४३ |
| २. | वहाल कर | ५०००० | ७७८५२८ | १५५७.०६ |
| ३. | ब्यबसायले भुक्तानि गर्ने कर | १००००० | १६००० | १६ |
| ४. | अन्य कर | ८७०००० | ९६७०३७ | १११.१५ |
| ५. | परिक्षा शुल्क | ५०००० | ५४००१ | १०८ |
| ६. | नक्सा पास दस्तुर | १००००० | १०२६७९ | १०२.६८ |
| ७. | सिफारिस दस्तुर | २०००००० | ३९३६५५ | १९.६८ |
| ८. | ब्यक्तिगत घटना दस्तुर | १००००० | २२६४३० | २२६.४३ |
| ९. | नाता प्रमाणित दस्तुर | १००००० | १८६८८० | १८६.८८ |
| १०. | अन्य दस्तुर | ५४५०००० | ४६२६७९ | ८.४९ |
| ११. | कृषि तथा पशुजन्य बस्तुको ब्यबसायीक कारोबारमा लाग्ने कर | ० | २५५२४८ | |
| १२. | अन्य सेवा शुल्क तथा बिक्री | ० | २१९००० | |
| १३. | प्रशासनिक दण्ड जरीवाना तथा जफत | ० | २१२८३ | |
| १४. | अन्य क्षत्रको आय | ० | २२४५८१ | |
| १५. | व्यवसाय रजिष्ट्रेसन दस्तुर | ० | १९३८२० | |
| १६. | बेरुजु | ५०००० | २०३१०० | ४०६.२ |
| १७. | निकासाफिर्ता | | ९०००० | |
| १८. | अन्य राजस्व | | २२८५३०६ | |
| १९. | सवारी साधन कर (साना सवारी) | | १००० | |
| २०. | व्यवसायले भुक्तानी गर्ने | | १५०० | |
| २१. | शिक्षा क्षेत्रको आम्दानी | | ९०० | |
| | जम्मा | १,०८,७०,००० | ७०,७२,१८२ | ६५.०६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले राजश्व अनुमान रु. १,०८,७०,००० को ६५.०६ प्रतिशत अर्थात रु. ७०,७२,१८२ मात्र आम्दानी प्राप्त गरेको छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक, राजश्व प्रक्षेपणलाई यथार्थपरक, राजश्वको दायरा विस्तार गरी आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

६१ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट रु.४६,०७,७५,२५९।०० प्राप्त गरेमा पालिकाको आन्तरिक आय रु.७०,७२,८५३।०० अर्थात केन्द्रीय अनुदानको १.५४ प्रतिशत मात्र प्राप्त गरेको छ ।

६२ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,०८,७०,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ७०,७२,१८२।०० अर्थात अनुमानको ६५.०६ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्तपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६३ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २,०९,८२० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६४ **यन्त्र उपकरण सञ्चालन:**

पालिकामा रहेका यन्त्र उपकरणहरु मितव्ययी तथा प्रभावकारी तवरले सञ्चालन गर्नुपर्दछ । पालिकाले एक ब्याकोहो लोडर खरिद गरी संचालनमा ल्याएको छ । आर्थिक वर्ष २०८१।८२ मा ब्याकोहो लोडर सञ्चालनमा रु.१६,१९,३७३ खर्च भएको छ भने उक्त मेसिनले रु.२७,४६,३९४।०० बराबरको काम गर्नुका साथै रु. २,२४,५८१।०० नगद आम्दानी गरेको छ। लाभलागत विश्लेषण गरी सोको आधारमा उपकरण सञ्चालनलाई प्रभावकारी बनाउनु पर्दछ । ब्याकोहो लोडर सञ्चालनको इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र भाडामा दिए वापतको आय निम्नानुसार रहेको छ ।

| सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | कुल खर्च | कुल आय (कामको मुल्यांकन समेत) | नगद आम्दानी |
|---|---|---|---|---|---|---|
| ब्याकहो लोडर | ८,००,००० | ४,४७,९२३ | ३,७१,४५० | १६,१९,३७३ | २७,४६,३९४ | २,२४,५८१ |

६५ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान खूला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले आन्तरिक स्रोतबाट रु. १३,८७,९५० संघीय स्रोतबाट रु.८,८०,२१३ गरी कुल रु.२२,६८,१६३ को औषधी खरिद गरेको देखिन्छ। सो मध्ये कोटेसनबाट रु. ४,९०,३०० र टेण्डरबाट रु.१७,७७,८६३ को औषधी तथा औषधिजन्य सामाग्री खरिद गरेको पाइयो। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

| सि नं | भौ मिति | सप्लायर्स | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४९।२०८१।१२।१७ | सेतिदेवी मेडिसिन सप्लायर्स | ४९०३०० | कोटेसन |
| २ | १७८।२०८२।३।२४ | सोहन मेडी हेल्थ | ३८९९१३ | टेण्डर |
| | १७८।२०८२।३।२४ | सोहन मेडी हेल्थ | १३८७९५० | टेण्डर |
| जम्मा | | | २२, ६८ , १६३।०० | |

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
  आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन नभएको।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको
- औषधिको खर्च घटाउदा खर्चको आधारमा नभई मागफारामको आधारमा एकमुष्ट घटाउने गरेको ।
- औषधीहरुको नमुना परीक्षण गर्दा केही औषधीहरुमा निशुल्क वितरणको लोगो नराखेको पाइयो ।

६६ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ वटा बर्थिङ सेन्टरका लागी आर्थिक वर्ष २०८१।८२ मा ३३ थान न्यानो झोला जिम्मेवारी सारेकोमा यो वर्ष रु.८९,९०२ मा ९० थान खरिद गरेको छ। कुल १२३ मध्ये वितरण गरी मौज्दात ४० थान रहेको छ। गत वर्ष ४६ जना र यस वर्ष ३७ जना गरी जम्मा ८३ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरी उपयुक्त भण्डारणको समेत व्यवस्था गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : तामाकोशी गाउँपालिका, दोलखा , तामाकोशी गाउँपालिका , दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वद्रीप्रसाद शर्मा वाग्ले | २०८०-१-३ | २०८१-०८-११ |
| कार्यालय प्रमुख | विमल प्रसाद निरौला | २०८१-०९-२९ | २०८२-०३-०३ |
| कार्यालय प्रमुख | नविन गङ्तान लामा | २०८२-०३-०६ | २०८२-०४-१८ |
| लेखा प्रमुख | राम बहादुर कार्कि | २०७९-७-३ | २०८१-०६-०९ |
| लेखा प्रमुख | राधा ढकाल | २०८१-०६-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३५४,६३६ | ४,७३९,८२१ | २,११२,४९६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७,२०६,९५३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,६४८,८६९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,५५८,०८४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४०८३३३५९.६५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२०९५४९७९.०९ | चालु खर्च | ३२९५१५९७४.१८ |
| प्रदेश सरकारबाट अनुदान | ३६३४६६४६ | पूँजीगत खर्च | १४७११५८०७.७१ |
| राजश्व बाँडफाँट | ११३३८६८४०.९३ | वित्तीय/अन्य व्यवस्था | १४४८४१७८०.६७ |
| आन्तरिक आय | ७०७२८५३.२३ | | |
| अन्य आय | १४५८४२६९३ | | |
| कुल आय | ६२३६०४०१२.२५ | कुल खर्च | ६२१४७३५६२.५६ |
| बाँकी मौज्दात | | ४२९६३८०९.३४ | |

**अनुसूची - २**

| सि.नं | लेखापरीण | लेखापरीण गरएका िवषय |
|---|---|---|
| 1 | "अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने। " | उपभोक्ता समिति मार्फत कार्य |
| 2 | "DPR खर्च " | "DPR खर्च " |
| 3 | "कृषि तथा पशुतर्फ " | "कृषि तथा पशुतर्फ " |
| 4 | "शिक्षा तर्फ " | शिक्षातर्फ |
| 5 | "तालिम र कार्यक्रम खर्च " | "तालिम र कार्यक्रम खर्च " |
| 6 | "खरिद व्यवस्थापन " | खरिद व्यवस्थापन |
| 7 | "सामाजिक सुरक्षा " | सामाजिक सुरक्षातर्फ |
| 8 | "संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम) " | खर्च परीक्षण |
| 9 | "सफ्टवेयर खरिद र सञ्चालन खर्च " | "DPR खर्च " |
| 10 | "विविध खर्च " | अन्य विषयहरू |
| 11 | "पदाधिकारी सुविधा " | खर्च परीक्षण |
| 12 | "तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा) " | सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष |
| 13 | "ठेक्का तथा प्रस्ताव व्यवस्थापन " | ठेक्का व्यवस्थापन |
| 14 | "कण्टिन्जेन्सी खर्च " | "कण्टिन्जेन्सी खर्च " |
| 15 | "आन्तरिक आयतर्फ " | आन्तरिक आयतर्फ |
| 16 | "स्वास्थ्यतर्फ " | स्वास्थ्यतर्फ |

## बेरुजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| | विवरण | चालु आ.ब.को कारोबार | गत आ व को कारोबार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | जम्मा | जम्मा |
| क्र.स. /आर्थिक सङ्केत | कर | ८,८१,२६,७६४.४० | ८,७२,५५,८८५.९७ |
| १३००० | अनुदान | ३५,७३,०१,६२५.०९ | ३७,०४,५०,२१२.३८ |
| १४००० | अन्य राजस्व | ३,१९,५३,०५२.६४ | १,८५,१६,३५८.९६ |
| १५००० | विविध प्राप्ति | २,९३,१००.०० | १,४९,७८९.०० |
| क | कुल जम्मा प्राप्ति | ४७,७६,७४,५४२.१३ | ४७,६३,७२,२४६.३१ |
| ३ | चालु | ३२,९५,१५,९७४.१८ | ३४,८३,९२,२३३.७४ |
| २१००० | पारिश्रमिक / सुविधा | २२,७६,३४,२६३.४४ | २२,९४,५०,०९८.१४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,४८,२३,२२०.६५ | १०,९७,८९,८१५.६० |
| २५००० | सहायता (Subsidy) | १,००,०००.०० | २४,९५,८८१.०० |
| २६००० | अनुदान | ८२,९८,०६८.३९ | ४,२३,४००.०० |
| २७००० | सामाजिक सुरक्षा | ५५,५४,१८१.७० | ३५,३०,६४९.०० |
| २८००० | अन्य खर्च | ३१,०६,२४०.०० | २७,०२,३९०.०० |
| ४ | पूंजीगत | १४,७१,१५,८०७.७१ | १६,६६,७९,४५५.६२ |
| ३१११० | भवन तथा संरचना | ४,६६,०३,३०८.४३ | १,२२,३६,२३१.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २७,७२,२१९.०० | १४,४७,४१५.०० |
| ३११५० | सार्वजनिक निर्माण | ९,६८,११,३०९.२८ | १५,०९,८५,२९४.६२ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | २,७०,०००.०० | २०,१०,५१५.०० |
| ३१४१० | जग्गा प्राप्ति खर्च | ६,५८,९७१.०० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ४७,६६,३१,७८१.८९ | ५१,५०,७१,६८९.३६ |
| ग) | बचत /कमी (ग = क-ख ) | १०,४२,७६०.२४ | -३,८६,९९,४४३.०५ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ११,०९,९७४.२८ | ७०,६३,२४६.९० |
| घ.१) | कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी | | |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | २१,५२,७३४.५२ | -३,१६,३६,१९६.१५ |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | ४,०७,८१,५०९.६५ | ७,२४,१९,१५४.९७ |
| छ) | विनिमयनाफा/घाटा तथा अन्य समायोजन | | |
| | | | |

| | | | | |
|---|---|---|---|---|
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ४,२९,३४,२४४.१७ | ४,०७,८२,९५८.८२ |

## बेरूजु दफा १२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| घटाउने | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेटको स्रोत/तह | रकम |
| १ | पुराना उद्यमी प्रवर्धन कार्यक्रम | नेपाल सरकार | ३,००,०००.०० |
| २ | महंगी भत्ता | राजस्व बाँडफाँड - संघीय सरकार | १२,००,०००.०० |
| ३ | न्यायिक समिति तथा वडा मेलमिलापकर्ता र जनप्रतिनिधिहरुवीच चौमासिक समीक्षा कार्यक्रम | राजस्व बाँडफाँड - प्रदेश सरकार | ४०,०००.०० |
| ४ | स्थानीय श्रमिकलाई नागरिक लगानी कोष व्यवस्थापन कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | २०,००,०००.०० |
| ५ | मालुखोला डाँगागाउँ फ्यातल छौडे सडक संघीय समपुरक योजना | राजस्व बाँडफाँड – स्थानीय | ३०,००,०००.०० |
| ६ | मालुखोला डाँगागाउँ फ्यातल छौडे सडक संघीय समपुरक योजना | नेपाल सरकार | ३५,००,०००.०० |
| ७ | गाउँपालिका प्रशासनिक भवन पूर्वाधार निर्माण योजना | नेपाल सरकार | १०,००,०००.०० |
| ८ | भैपरी आउने चालु खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | ८,००,०००.०० |
| ९ | जनजागृति मा.विका लागि सवारी साधन खरिद अनुदान | नेपाल सरकार | ३०,००,०००.०० |
| १० | अन्य समपुरक कोष | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० |
| | ३७ योजनाको कुल रकम | | ६,५६,१९,०००.०० |
| बढाउने | | | |
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेटको स्रोत/तह | रकम |
| १ | लाँकुरीडाँडा थलारी पदमार्ग निर्माण योजना | नेपाल सरकार | ३,००,०००.०० |
| २ | स्वास्थ सिविर सञ्चालन कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | १,००,०००.०० |
| ३ | विद्यालय स्वास्थ कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | ५०,०००.०० |
| ४ | स्वास्थ सिविर साझेदारी कार्यक्रम | आन्तरिक श्रोत | ३,००,०००.०० |
| ५ | किर्ने -विरुवा-शहरेटार सडक मर्मत योजना | नेपाल सरकार | ३,५०,०००.०० |
| ६ | चारधाम मन्दिर घेरावार निर्माण योजना | राजस्व बाँडफाँड - प्रदेश सरकार | १,५०,०००.०० |
| ७ | जफे सोलिड/गैरीगाउँ आहाले वडा न ३ | राजस्व बाँडफाँड - संघीय सरकार | २,००,०००.०० |
| ८ | कार्यालय व्यवस्थापन तथा सम्पूर्ण लक्षितवर्गमुखी कार्यक्रम | राजस्व बाँडफाँड - संघीय सरकार | ५,००,०००.०० |
| ९ | भेटेरीनरी भवन मर्मत योजना छौडे | राजस्व बाँडफाँड - संघीय सरकार | ८५,०००.०० |
| १० | ग्रिनताराका लागि साझेदारी कार्यक्रम वडा न ५ | राजस्व बाँडफाँड - संघीय सरकार | ५०,०००.०० |
| | १०३ योजनाको कुल रकम | | ६,५६,१९,०००.०० |

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | वडा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम व्यवस्थापन खर्च | नेपाल सरकार - समानिकरण अनुदान | ६,००,०००.०० | ५,८३,१८२.०० |
| २ | नयाँ उद्यमी सृजना कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ३,००,०००.०० | १,९४,०७५.०० |
| ३ | लैङ्गिकहिंसा पिडीतहरुका लागि सहयोग कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | ३०,०००.०० |
| ४ | महिलाहरुकालागि स्थानीय सांस्कृतिक कार्यक्रम खर्च | नेपाल सरकार - समानिकरण अनुदान | २,१०,०००.०० | २,०७,१००.०० |
| ५ | महिला सञ्जाल मार्फत अन्तराष्ट्रिय नारी दिवस कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | २,१०,०००.०० | १,८७,४९५.०० |
| ६ | दुधमा प्रतिलिटर रु २ अनुदान कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ४,००,०००.०० | १,७१,२३२.०० |
| ७ | लम्फिस्किन प्रभावित पशुधनीलाई गत आ.व कोराहत भुक्तानी बाँकी भुक्तानी | नेपाल सरकार - समानिकरण अनुदान | ५,३१,०००.०० | ५,३१,०००.०० |
| ८ | संझौता सिविर तथा उपभोक्ता समितिलाई अभिमुखीकरण कार्यक्रम | बागमती प्रदेश - समानिकरण अनुदान | २,८०,०००.०० | १,६७,६८१.०० |
| ९ | व्यक्तिगत घटना दर्ता सप्ताह राष्ट्रिय अभियान प्रचार सामग्री छपाई कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० | २,४७,८९२.०० |
| १० | महिलाहिंसा विरुद्धको१६ दिने अभियान सञ्चालन खर्च | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० | १,७४,९६०.०० |
| ११ | विभिन्न पशुजन्य महामारी रोग नियन्त्रण खोप व्यवस्थापन कार्यक्रम | बागमती प्रदेश - समानिकरण अनुदान | ४,००,०००.०० | १,९७,४००.०० |
| १२ | प्राविधिक निरीक्षण तथा सिफारिस वापत खर्च | नेपालसरकार - समानिकरण अनुदान | ५०,०००.०० | २५,५००.०० |
| १३ | शैक्षिक क्यालेण्डर प्रकाशन खर्च | बागमती प्रदेश - समानिकरण अनुदान | १,२५,०००.०० | १,२४,८९२.०० |
| १४ | कक्षा -८ परीक्षा सञ्चालन तथा व्यवस्थापन खर्च | बागमती प्रदेश - समानिकरण अनुदान | ५,००,०००.०० | ४,८५,४५०.०० |
| १५ | गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | नेपालसरकार - समानिकरण अनुदान | ३,००,०००.०० | ३,००,०००.०० |
| १६ | आभारभूत तथा माध्यमिक तह शैक्षिक प्रदर्शनी तथा अतिरिक्त कृयाकलाप सञ्चालनकार्यक्रम | बागमती प्रदेश - समानिकरण अनुदान | ३,००,०००.०० | १,७८,५००.०० |
| १७ | गाउँपालिकास्तरी राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | बागमती प्रदेश - समानिकरण अनुदान | ५,००,०००.०० | ५,००,०००.०० |
| १८ | वाल क्लव व्यवस्थापन कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | ५०,०००.०० |
| १९ | खेलकूद सामग्री खरिद तथा खेल व्यवस्थापन कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | १,००,०००.०० | ९८,०००.०० |
| २० | लक्षित वर्गमुखी कार्यक्रम सञ्चालन | नेपाल सरकार - समानिकरण अनुदान | २,००,०००.०० | २,००,०००.०० |
| २१ | डिप वोरिङ व्यवस्थापन योजना | नेपाल सरकार - समानिकरण अनुदान | २,५०,०००.०० | २,२९,०१५.०० |
| २२ | महिला स्वास्थ्य स्वयंम सेविकाहरुका लागि संचार खर्च | बागमती प्रदेश - समानिकरण अनुदान | १,४०,०००.०० | १,३०,०००.०० |
| २३ | एच एम आइएस टुल्स छपाई | बागमती प्रदेश - समानिकरण अनुदान | १०,०००.०० | ९,४३८.०० |
| २४ | रक्तदान कार्यक्रम सञ्चालन खर्च | बागमती प्रदेश - समानिकरण अनुदान | ५०,०००.०० | ४५,७००.०० |
| २५ | महिला सवास्थ्य स्वयंसेविका विदाई खर्च | बागमती प्रदेश - समानिकरण अनुदान | १,००,०००.०० | ४०,०००.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | विपन्न नागरिक उपचार सहायता कोष कार्यविधि बमोजिम नगद अनुदान कार्यक्रम | बागमती प्रदेश - समानिकरण अनुदान | ५,००,०००.०० | ५,००,०००.०० |
| २७ | विपन्न नागरिक उपचार सहायता कोष कार्यविधि बमोजिम नगद अनुदान कार्यक्रम | नेपाल सरकार - समानिकरण अनुदान | ५,००,०००.०० | ४,९७,५००.०० |
| २८ | स्वास्थ संस्थाका लागि नि शुल्क वितरणका लागि औषधी खरिद तथा ढुवानी | बागमती प्रदेश - समानिकरण अनुदान | १५,००,०००.०० | १४,९८,६१५.०० |
| २९ | स्वास्थ संस्थाका लागि नि शुल्क वितरणका लागि औषधी खरिद तथा ढुवानी | नेपाल सरकार - समानिकरण अनुदान | ५,५०,०००.०० | ५७,८००.०० |
| कुल जम्मा | | | ९२,०६,०००.०० | ७६,६२,४२७.०० |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।